रंगेली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, रंगेली, मोरङ

(आन्तरिक लेखापरीक्षण शाखा)

# आ.ब. २०८०/८१ को अर्धवार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन

१. कार्यालयको नाम - रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रंगेली, मोरङ

२. कार्यालयको उद्देश्य -
नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने।

३. प्रमुख क्रियाकलापहरु -
क) नगर विकासका लागि वार्षिक, आवधिक तथा विषयगत योजना तर्जुमा
ख) स्थानीय सरकार संचालनका लागि आवश्यक कानून एवं मापदण्ड को निर्माण
ग) नगरसभाबाट पारित वार्षिक कार्यक्रम संचालन/ कार्यान्वयन
घ) स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने
ङ) संघीय सरकार र प्रादेशीक सरकारबाट हस्तान्तरित आयोजना/ कार्यक्रम संचालन गर्ने

४. कार्यालय प्रमुखको नाम - प्रमुख प्रशासकीय अधिकृत श्री ओमकार प्रसाद न्यौपाने
- प्रमुख प्रशासकीय अधिकृत श्री तेजिन्द्र गौतम

५. आर्थिक प्रशासन शाखा प्रमुखको नाम - लेखा अधिकृत श्री रुपा सुनुवार

६. कारोबारको संक्षिप्त विवरण
क) संचित कोष

| गत वर्षको मौज्दात | यस वर्षको आम्दानी | जम्मा आय | खर्च खातामा निकासा | बाँकी रकम |
|---|---|---|---|---|
| | | | | |

७. परीक्षण गरिएको मिति
२०८०/१०/२ देखि २०८०/१०/१५ सम्म

८. परीक्षण गरिएका श्रेस्ताहरु
- गोश्वरा भौचर तथा संलग्न कागजातहरु
- बैक नगदी किताब
- खर्चको फाँटवारीहरु
- सहायक खाताहरु
- खरीद निर्णय सम्बन्धी फायलहरु
- भुक्तानी आदेश
- नगदी रसीद
- आम्दानी विवरण
- बैंक विवरण
- विद्युतीय लेखा प्रणाली(सूत्र) को अभिलेखहरु

९. सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधि

क) संघीय कानून
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- आर्थिक ऐन, २०८०
- आर्थिक कार्यविधि तथा वित्त उत्तरदायित्व ऐन २०७६ र नियमावली
- आयकर ऐन २०५८ र नियमावली
- सार्वजनिक खरिद ऐन २०६३ र नियमावली
- भ्रमण खर्च नियमावली

आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४
नेपाल सरकारको लेखा निर्देशिका, २०७३
कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ (शिक्षा मन्त्रालय)
स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालनका लागि मार्गदर्शन, २०७६ (स्वास्थ्य मन्त्रालय)
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५
पशु प्राविधिक व्यवस्थापन कार्यविधि २०७३

## ख) प्रादेशिक कानून

प्रदेश सरकारको आर्थिक ऐन २०८०
सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९

## ग) स्थानीय तहको कानून

रंगेलि नगरपालिकाको आर्थिक ऐन, २०८०
रंगेलि नगरपालिकाको विनियोजन ऐन, २०८०
रंगेलि नगरपालिकाको सहकारी ऐन, २०७५

## १०.	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

| क्र.सं. | भौ नं | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मूख्य व्यहोरा | नियमित गर्ने रकम रु. | असूल गर्ने रकम रु. | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | **परिचय :** सङ्गठन भित्रकै जनशक्ति वा आलेप शाखाले व्यवस्थापनलाई प्रचलित ऐन नियम, कानुन र प्रक्रियाको परिपालना भए वा नभएको जाँच र परीक्षण गरी तत्काल सुधारका लागि सुझाव सहितको प्रतिवेदन दिइ वित्तीय सुशासन कायम राख्न तयार पारिएको संयन्त्र आन्तरिक लेखापरीक्षण हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ वमोजिम स्थानिय तहमा भएका सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्ने व्यवस्था भए वमोजिम आन्तरिक लेखा परिक्षण शाखाले लेखा परिक्षण गरी प्रतिवेदन वुझाउने काम गरेको छ । | | | | |
| २. | | | **शाखाको धारणा :** रंगेली नगरपालिकाको कार्यालय, मोरङमा आ.व. २०७६/२०७७ देखी आन्तरिक लेखा परिक्षण शाखा स्थापना भई हाल कृयाशिल रहेको छ। आन्तरिक लेखा परिक्षण शाखावाट कानूनले तोकिएको समयमा प्रतिवेदन पेश गर्ने र कार्यालयको तर्फवाट तोकिएकै समयमा प्रतिकृया दिदा आर्थिक कारोवार पारदर्शी र मितव्ययी बन्नेमा पर्याप्त सहयोग पुग्नेछ भन्ने महससु गरिएको छ । | | | | |
| ३. | | | **लेखा परीक्षणको आधारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक लेखा परिक्षण शाखावाट रंगेली नगरपालिका मोरङ्गले आन्तरीक लेखापरीक्षणको लागि पेश गरेको स्रेस्ताको आधारमा आन्तरिक लेखा परिक्षण गरिएको छ । प्रस्तूत भएका कारोवारको लेखा परिक्षण लेखा शाखावाट पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित कागजात, जिन्सी शाखावाट पेश भएका जिन्सी कितावं, व्यवस्थापकीय पक्षसंगको छलफल र आर्थिक विवरणका आधारमा आन्तरिक लेखा परिक्षण सम्पन्न गरिएको हो । | | | | |
| ४. | | | **न्याय सम्पादनः** यस नगरपालिकाले आ.ले.प. अवधि सम्म जम्मा ११ विवाद दर्ता भएको त्यसमध्ये ७ विवाद फछ्यौट भएको र ४ विवाद फछ्यौट हुन बाँकी रहेको पाईयो । | | | | |
| | | | **राजश्व शाखा** | | | | |

| क्र.सं. | भौ नं | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मूख्य व्यहोरा | नियमित गर्ने रकम रु. | असूल गर्ने रकम रु. | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५. | | | **घर नक्सा पास :** नगरपालिकाले नगर क्षेत्र भित्र निर्माण भइसकेका पुराना भवनको घरनक्सा नियमित गर्ने , भवन निर्माण इजाजत दिने, तला थप इजाजत दिने तथा निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्ने कार्य भवन तथा वस्ति विकास उपशाखा मार्फत सम्पादन गर्ने गरेको छ ।पौष मसान्तसम्ममा रु.२,५५,७६५.१२ राजश्व प्राप्त भएको देखिन्छ । | | | | |
| ६. | | | **घर बहाल कर-** यस आ.व.को पौष मसान्तसम्ममा रु.८३८८८१.८०।- राजश्व प्राप्त भएको देखिन्छ । | | | | |
| ७. | | | **व्यवसाय कर -** नगरपालिको आर्थिक ऐन, २०७८ को दफा - ४ मा व्यवसाय दर्ता र नविकरणमा लगाइने करको दर अनुसूची -२ बमोजिम हुने उल्लेख छ । यस आ.व.को पौष मसान्तसम्ममा रु ३०४४१८५।- राजश्व प्राप्त भएको देखिन्छ । | | | | |
| ८. | | | **भूमीकर मालपोत-**। यस आ.व.को पौष मसान्तसम्ममा रु ४८५४९६२.०६।- राजश्व प्राप्त भएको देखिन्छ । र अन्य गरी पौष मसान्तसम्ममा जम्मा रु १९४३१४९६.६८।- राजश्व प्राप्त भएको देखिन्छ । | | | | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ नं</th><th>मिति</th><th>आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा</th><th>नियमित गर्ने रकम रु.</th><th>असूल गर्ने रकम रु.</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td>न.पा. चालु खर्च खाता</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९.</td><td></td><td></td><td>तलवी प्रतिवेदन- स्थयी कर्मचारीको तलव भुक्तानी गर्दा पारित तलवी प्रतिवेदन बमोजिम भुक्तानी गर्नु पर्नेमा कर्मचारीको तलवी प्रतिवेदन पारित नभएको ।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०.</td><td></td><td></td><td>गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १(ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ ।उक्त ऐनमा नगर प्रमुख ,उप प्रमुख, वडा अध्यक्ष र कापा सदस्य लाई अनुगमन भत्ता मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश भएपछी मात्र भुक्तान गर्नु पर्नेमा सो वेगर भुक्तानी भएकोले अनुगमन प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११.</td><td>३३५</td><td>२०८०/०७/२२</td><td>दोहोरो भत्ता- नगर उप प्रमुख श्री भुमा कुमारी पराजुलीलाई विभिन्न मितिमा भ्रमण भत्ता र अन्य भत्ता निम्न बमोजिम एउटै मितिमा बुझेको हुनाले निजको दोहोरो भत्ता रु. ६२०५।– असुल गर्नु पर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>भौचर नं.</th><th>दोहोरो मिति</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>३०० र ३३५</td><td>२०८०/०५/०३</td><td>११९०</td><td>न्यायिक समितिको बैठक भत्ता वापत बुझेको</td></tr>
<tr><td>२.</td><td>३०० र ३३५</td><td>२०८०/०५/०५</td><td>११९०</td><td>न्यायिक समितिको बैठक भत्ता वापत बुझेको</td></tr>
<tr><td>३.</td><td>३०० र ३७७</td><td>२०८०/०४/१६</td><td>८५०</td><td>कृषि शाखाको बैठक भत्ता वापत बुझेको</td></tr>
<tr><td>४.</td><td>३०० र ३७७</td><td>२०८०/०५/०४</td><td>८५०</td><td>कृषि शाखाको बैठक भत्ता वापत बुझेको</td></tr>
<tr><td>५.</td><td>३०० र ३०१</td><td>२०८०/०५/०६</td><td>१२७५</td><td>नगर शिक्षा समितिको बैठक भत्ता वापत बुझेको</td></tr>
<tr><td>६.</td><td>३७७ र ४७५</td><td>२०८०/०५/०४</td><td>८५०</td><td>परिक्षा संचालन हुदा बैठक भत्ता वापत बुझेको</td></tr>
</table></td><td></td><td>६२०५</td><td></td><td></td></tr>
<tr><td>१२.</td><td>५८२</td><td>२०८०/१०/२८</td><td>बैठक भत्ता कर्मचारी श्री रोजिना कुंवर लाई भुक्तानी भएकोमा वैजनाथ ठाकुर, नरेश कुमार मण्डल र निर्मल खतिवडा सहितको भत्ता निजहरले बुझेको भरपाई पेश गर्नु पर्ने रु.५१००।– ।</td><td>५१००</td><td></td><td></td><td></td></tr>
<tr><td>१३.</td><td>५८७</td><td>२०८०/१०/२९</td><td>ले.अ. श्री रुपा सुनुवार लाई दैनिक भ्रमण वापत रु. २७,२००।– भुक्तानी भएकोमा विराटनगर देखी काठमाण्डौं गएको टिकट नं वोडिङ्ग पासमा १८८६००५७ भएको र टिकटमा टिकट नं १९०१४५०७ भएकोले टिकट अनुसार कै वोडिङ्ग पास पेश गर्नुपर्ने रु.५७००।– ।</td><td>५७००</td><td></td><td></td><td></td></tr>
<tr><td>१४.</td><td>५९३</td><td>२०८०/१०/२९</td><td>कार्यालय प्रमुख श्री तेजिन्द्र गौतम लाई दैनिक भ्रमण वापत रु. २२,२००।– भुक्तानी भएकोमा विराटनगर देखी काठमाण्डौं गएको टिकट पेश नभएको रु. ५७००।– ।</td><td>५७००</td><td></td><td></td><td></td></tr>
<tr><td>१५.</td><td></td><td></td><td>न.पा. पुँजीगत खर्च खाता</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्र.सं. | भौ नं | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मूख्य व्यहोरा | नियमित गर्ने रकम रु. | असूल गर्ने रकम रु. | पेश्की रकम | कैफिय त |
|---|---|---|---|---|---|---|---|
| १६. | १५ | २०८०/०५/१७ | पि.एम.के. कालिनाङ्ग जेभी लाई पाचौ रनिङ्ग विल वापत रु.४६३९६५२।– भुक्तानी भएकोमा विल, भरपाई, नापि र ठेक्का विल नभएको । | ४६३९६५२ | | | |
| १७. | ३८ | २०८०/०७/०१ | जगदम्बा विपिन निर्माण सेवालाई रु.६८१७५७८।– भुक्तानी भएकोमा **Arraning/conducting and carying out the necessary test of materials works either in the field or in the laboratory and submiting the test report in the satisfaction of the office** वापत रु.१०००००।– भुक्तानी भएकोमा test report र सो को विल भरपाई पेश नभएको । | १००००० | | | |
| १८. | ४१ | २०८०/०७/०२ | युक्ता कन्स्ट्रक्सनलाई गणेश मा.वि. रंगेली -६ मा पुरुष शौचालय मर्मत र वाउण्ड्री वाल निर्माण गरे वापत रु.९६९२०४।– विल मा विजक नं. स्पष्ट नभएको र जारी मिति समेत उल्लेख नभएकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने । | १११५०२ | | | |
| १९. | ४७ | २०८०/०७/०२ | शीर्ष निर्माण सेवा लाई आदर्श मा.वि. रंगेली -७ मा फस्ट फ्लोर स्कुल विल्डिङ्ग निर्माण गरे वापत रु. १३७८००५।– भुक्तानी भएकोमा test report र insurance को विल विजक पेश नभएको रु. २००००।– । | २०००० | | | |
| २०. | ८१ | २०८०/०९/१६ | कर्मचारी श्री नविन कु. यादव लाई वाँसको पूल निर्माण गरेवापत रु. २२७०९।– भुक्तानी भएकोमा डोर हाजिरी वापत रु.७६००।– भुक्तानी भएकोमा सो स्वीकृत नभउको । | ७६०० | | | |
| | | | **संघिय सरकारबाट हस्तान्तरित पुँजीगत खर्च खाता** | | | | |
| २१. | २५ | २०८०/१२/१८ | जय राजाजी बाबा कन्स्ट्रक्सन लाई प्रथम रनिङ्ग विल वापत रु. १८५२२४०।– भुक्तानी भएकोमा विल भरपाई र नापी किताब ठेक्का विल पेश नभएको । | १८५२२४० | | | |

आन्तरिक लेखापरीक्षक

रंगेली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, रंगेली, मोरङ

(आन्तरिक लेखापरीक्षण शाखा)

# आ.ब. २०८०/८१ को अर्धवार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन

१. कार्यालयको नाम - रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रंगेली, मोरङ

२. कार्यालयको उद्देश्य -

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

३. प्रमुख क्रियाकलापहरु -

क) नगर विकासका लागि वार्षिक, आवधिक तथा विषयगत योजना तर्जुमा
ख) स्थानीय सरकार संचालनका लागि आवश्यक कानून एवं मापदण्ड को निर्माण
ग) नगरसभाबाट पारित वार्षिक कार्यक्रम संचालन/ कार्यान्वयन
घ) स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने
ङ) संघीय सरकार र प्रादेशीक सरकारबाट हस्तान्तरित आयोजना/ कार्यक्रम संचालन गर्ने

४. कार्यालय प्रमुखको नाम - प्रमुख प्रशासकीय अधिकृत श्री ओमकार प्रसाद न्यौपाने
- प्रमुख प्रशासकीय अधिकृत श्री तेजिन्द्र गौतम

५. आर्थिक प्रशासन शाखा प्रमुखको नाम - लेखा अधिकृत श्री रुपा सुनुवार

६.	कारोबारको संक्षिप्त विवरण

क) संचित कोष

| गत वर्षको मौज्दात | यस वर्षको आम्दानी | जम्मा आय | खर्च खातामा निकासा | बाँकी रकम |
|---|---|---|---|---|
| | | | | |

७.	परीक्षण गरिएको मिति

२०८१/०७/२६ देखि २०८१/०८/०५ सम्म

८.	परीक्षण गरिएका श्रेस्ताहरु

गोश्वरा भौचर तथा संलग्न कागजातहरु
बैक नगदी किताब
खर्चको फाँटवारीहरु
सहायक खाताहरु
खरीद निर्णय सम्बन्धी फायलहरु
भुक्तानी आदेश
नगदी रसीद
आम्दानी विवरण
बैंक विवरण
विद्युतीय लेखा प्रणाली(सूत्र) को अभिलेखहरु

९.	सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधि

क) संघीय कानून

स्थानीय सरकार संचालन ऐन, २०७४
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
आर्थिक ऐन, २०८०
आर्थिक कार्यविधि तथा वित्त उत्तरदायित्व ऐन २०७६ र नियमावली
आयकर ऐन २०५८ र नियमावली

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली
भ्रमण खर्च नियमावली
आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४
नेपाल सरकारको लेखा निर्देशिका, २०७३
कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ (शिक्षा मन्त्रालय)
स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालनका लागि मार्गदर्शन, २०७६ (स्वास्थ्य मन्त्रालय)
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५
पशु प्राविधिक व्यवस्थापन कार्यविधि २०७३

## ख) प्रादेशिक कानून

प्रदेश सरकारको आर्थिक ऐन २०८०
सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९

## ग) स्थानीय तहको कानून

रंगेलि नगरपालिकाको आर्थिक ऐन, २०८०
रंगेलि नगरपालिकाको विनियोजन ऐन, २०८०
रंगेलि नगरपालिकाको सहकारी ऐन, २०७५

## १०. लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

| क्र.सं. | भौ नं | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मूख्य व्यहोरा | नियमित गर्ने रकम रु. | असूल गर्ने रकम रु. | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | **परिचय :** सङ्गठन भित्रकै जनशक्ति वा आलेप शाखाले व्यवस्थापनलाई प्रचलित ऐन नियम, कानुन र प्रक्रियाको परिपालना भए वा नभएको जाँच र परीक्षण गरी तत्काल सुधारका लागि सुझाव सहितको प्रतिवेदन दिइ वित्तीय सुशासन कायम राख्न तयार पारिएको संयन्त्र आन्तरिक लेखापरीक्षण हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ वमोजिम स्थानिय तहमा भएका सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्ने व्यवस्था भए वमोजिम आन्तरिक लेखा परिक्षण शाखाले लेखा परिक्षण गरी प्रतिवेदन वुझाउने काम गरेको छ । | | | | |
| २. | | | **शाखाको धारणा :** रंगेली नगरपालिकाको कार्यालय, मोरङमा आ.व. २०७६/२०७७ देखी आन्तरिक लेखा परिक्षण शाखा स्थापना भई हाल कृयाशिल रहेको छ। आन्तरिक लेखा परिक्षण शाखावाट कानूनले तोकिएको समयमा प्रतिवेदन पेश गर्ने र कार्यालयको तर्फवाट तोकिएकै समयमा प्रतिकृया दिदा आर्थिक कारोवार पारदर्शी र मितव्ययी बन्नेमा पर्याप्त सहयोग पुग्नेछ भन्ने महससु गरिएको छ । | | | | |
| ३. | | | **लेखा परीक्षणको आधार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक लेखा परिक्षण शाखावाट रंगेली नगरपालिका मोरङ्गले आन्तरीक लेखापरीक्षणको लागि पेश गरेको स्रेस्ताको आधारमा आन्तरिक लेखा परिक्षण गरिएको छ । प्रस्तूत भएका कारोवारको लेखा परिक्षण लेखा शाखावाट पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित कागजात, जिन्सी शाखावाट पेश भएका जिन्सी किताव, व्यवस्थापकीय पक्षसंगको छलफल र आर्थिक विवरणका आधारमा आन्तरिक लेखा परिक्षण सम्पन्न गरिएको हो । | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **न.पा. चालु खर्च खाता** | | | | |
| ४. | | | **तलवी प्रतिवेदन-** स्थयी कर्मचारीको तलव भुक्तानी गर्दा पारित तलवी प्रतिवेदन बमोजिम भुक्तानी गर्नु पर्नेमा कर्मचारीको तलवी प्रतिवेदन पारित नभएको । | | | | |
| ५. | | | गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १(ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ ।उक्त ऐनमा नगर प्रमुख ,उप प्रमुख, वडा अध्यक्ष र कापा सदस्य लाई अनुगमन भत्ता मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश भएपछी मात्र भुक्तान गर्नु पर्नेमा सो वेगर भुक्तानी भएकोले अनुगमन प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने देखिन्छ । | | | | |
| ६. | ७८८ | २०८०/१२/१८ | नेपाल क्षयरोग निवारण संस्था मोरङ्ग शाखालाई सूचना प्रकाशन गर्नका लागी अग्रिम रु. १५,०००।– भुक्तानी भएकोमा उक्त संस्थाले २०८०/१२/०९ गते स्मारिका प्रकाशन गर्ने भनि मिति २०८०/११/०२ मा निवेदन पेश गरेको तर सूचना प्रकाशित भएको प्रमाण पेश नभएको । | १५,००० | | | |
| ७. | ८०५ | २०८०/१२/२१ | जनजाति कल्याण आश्रम नेपाललाई नगर प्रमुखको तोक आदेशमा ५ ओटा फुटबल प्रदान गर्नुपर्नेमा खाजाको बिलमा रु. १५,०००।– भुक्तानी भएको नियमसंगत नभएको । | १५,००० | | | |
| ८. | ९३९ | २०८१/०२/०६ | दैनिक भ्रमण भत्ता सोधभर्ना श्री भवानी शंकर पराजुली गरेवापत उप प्रमुख श्री भूमा कुमारी पराजुली लाई रु. ६,९४५।– भुक्तानी भएकोमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण भत्ता कर्मचारी वा पदाधिकारीले मात्र पाउने व्यवस्था भएकोमा कर्मचारी वा पदाधिकारी भन्दा बाहिरको ब्यक्तिलाई भ्रमण भत्ता दिन मिल्ने | ६,९४५ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नदेखिदा उक्त रकम नियमसंगत नभएको । | | | | |
| ९. | ११६४ | २०८१/०३/१९ | दशौ नगरसभा मा विभिन्न पत्रकारहरु लाई नगरसभा सदस्य सरह रु. १००० का दरले ५ जनालाई रु. ५०००।– भुक्तानी भएकोमा गाँउ तथा नगरसभाका सदस्यहरले पाउने सुविधाको सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ४ बमोजिम सभा संचालन भएको अवस्थामा सभाको प्रत्येक बैठकमा उपस्थित हुने सदस्यहरुले मात्र भत्ता पाउने ब्यवस्था रहेको छ । सो ऐन विपरीत सभाका सदस्य भन्दा बाहिरका किशोर विश्वकर्मा, रविन्द्र बराल, दिलिप अग्रवाल, विशाल कु. मण्डल र सन्तोष कुमाल लाई भुक्तानी भएको रु. ५०००।– असुल गर्नुपर्ने । | | ५,००० | | |
| | | | **न.पा. पुँजीगत खर्च खाता** | | | | |
| १०. | १२३ | २०८०/११/०४ | कर्मचारी श्री सुशिल कु. मण्डललाई अमानतबाट वडा नं ६ मा बाटोको छेउमा फलामे रोलिङ्ग जडान गर्ने कार्य गरे वापत रु.४९२८१।– भुक्तानी भएकोमा डोर हाजिरी स्विकृत नभएको र निजहरुले रकम बुझेको भरपाई पेश नभएको रु.३५०००।– निजहरुले बुझेको भरपाई पेश गर्नुपर्ने । | ३५००० | | | |
| ११. | १४६ | २०८०/१२/०५ | कर्मचारी श्री चन्दन मण्डललाई अमानतबाट कार्य गरे वापत रु.७३०००।– भुक्तानी भएकोमा डोर हाजिरी वापतको रकम बुझेको भरपाई पेश नभएको रु.३३६००।– निजहरुले बुझेको भरपाई पेश गर्नुपर्ने । | ३३६०० | | | |
| १२. | १४७ | २०८०/१२/०६ | श्री काली मन्दिर ब्यवस्थापन समितिलाई मन्दिर रंग रोगन गर्ने कार्य वापत रु.३९९६९१।– भुक्तानी भएकोमा डोर हाजिरी वापतको रकम बुझेको भरपाई पेश नभएको रु.१०१२००।– निजहरुले बुझेको भरपाई पेश गर्नुपर्ने । | १०१२०० | | | |
| | | | **संघिय सरकारबाट हस्तान्तरित पुँजीगत खर्च खाता** | | | | |
| १३. | ७३ | २०८१/०३/२४ | सुरक्षित नागरीक आवास कार्यक्रमको कन्टिनजेन्सी रकमबाट प्राविधिकहरुलाई जम्मा रु.४१०००।– भुक्तानी भएकोमा निजहरुलाई के को आधारमा भुक्तानी भएको हो सोको प्रमाण पेश गर्नु पर्ने । | ४१००० | | | |

आन्तरिक लेखापरीक्षक